नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल
BHARATPUR METROPOLITAN CITY
Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal

प.सं. २०७३/०७४ प्र.शा.

मितिः २०७४/०३/११

च.नं. ३५८५

नगर कार्यपालिकाको कार्यालय भरतपुर महानगरपालिका भरतपुर, चितवन २०७३

श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय,
(नगरपालिका व्यवस्था शाखा)
सिंहदरवार , काठमाण्डौ ।

**विषयः वोर्ड वैठकको निर्णय पठाईएको ।**

यस भरतपुर महानगरपालिकाको मिति २०७४/०३/०६, ७ र ९ गते वसेको वोर्ड वैठकबाट पारित निर्णयको छायाँ प्रति पाना ६ (छ) को थान १ (एक) यसै पत्र साथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध गरिन्छ ।

**वोधार्थः**
श्री सूचना शाखा,
भरतपुर महानगरपालिका । (उक्त निर्णय महानगरपालिकाको वेभ साईडमा राख्नु हुन)

..................
खगेश्वर अधिकारी
कानुन अधिकृत
कानुन अधिकृत

Scanned by CamScanner

आज मिति २०७४ साल असार ६ गते मंगलबारका दिन बेलुका ५.०० बजे यस भरतपुर महानगरपालिकाको बोर्ड बैठक प्रमुख तथा कार्यकारी अधिकृत श्री प्रेमराज जोशीज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

प्रमुख तथा कार्यकारी अधिकृत श्री प्रेमराज जोशी

आमन्त्रित

वरिष्ठ इन्जिनियर श्री भरतकुमार आचार्य

कानुन अधिकृत श्री रत्नेश्वर अधिकारी

इन्जिनियर श्री कृष्ण बहादुर मल्ल ठकुरी

ना.सु. श्री सुरेन्द्र राज पौडेल

ना.सु. श्री तेजराज खनाल

ना.सु. श्री मिना अर्याल (खनाल)

लेखा प्रमुख श्री सिता अधिकारी

निर्णय नं. १

यस भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कर्यालय अर्न्तगत वडा नं. १ देखि २९ सम्मका वडाहरुमा नक्सा पास स्वीकृत ईजाजत पत्र लिदा लिईने नक्सा पास दस्तुर रकम नयाँ डिजाईन भई निर्माण हुने संरचनाहरुको हकमा दर रेट कायम नभएको हुँदा उक्त संरचनाहरुको तपसिल बमोजिमको नक्सापास दररेट कायम गरी मिति २०७४/०३/०७ गते देखि लागू गर्ने निर्णय गरियो ।

तपसिल:

| क्र.सं | घरको विवरण | वर्ग फिट | दर रेट (प्रति वर्ग फिट) | कैफियत |
|---|---|---|---|---|
| १ | Iron Post राखि व्यापारीक प्रयोजन भएको घर | १००० भन्दा कम | ७।- | |
| २ | Iron Post राखि व्यापारीक प्रयोजन भएको घर | १००० भन्दा बढी जमिन तला | ९।- | |
| ३. | Iron Post राखि व्यापारीक प्रयोजन भएको घर | १००० भन्दा बढी प्रथम तला | १०।- | |
| ४. | Open Truss | १००० भन्दा कम | ३।- | |
| ५. | Open Truss | १००० भन्दा बढी | ५।- | |

निर्णय नं. २

यस भरतपुर महानगरपालिका साविक नारायणी नगरपालिकाको नगर परिषद्बाट स्वीकृत भरतपुर महानगरपालिका वडा नं. २७ स्थित तेलौली कृष्ण चोकदेखि जनकलाल चौधरीको घर हुँदै प्रेमनारायण श्रेष्ठको घर सम्मको मूल बाटो कालो पत्रे गर्ने निर्णय भएकोमा सो सडक खण्डमा जनसहभागिता उठ्न नसकेको हुँदा सो योजना परिवर्तन गरि वडा नं. २७ मा "दशरथ भण्डारीको घर अगाडि देखि ईन्द्र बहादुर खत्री क्षेत्रीको घर सम्म" ग्रेडर लगाउने, माटो फिलिङ्ग सहित ग्राभेल गर्न सम्बन्धीत वडा कार्यालयको पत्रबाट समेत अनुरोध भएकोमा सो को लागत अनुमान रु. ३९,३५,५६९।४८ अक्षरुपी उनान्चालिस लाख पैंतिस हजार पाँच सय उनान्सत्तरी पैसा अठ्चालिस मध्ये रु. ३०,००,०००।-अक्षरुपी तीस लाख मात्र महानगरपालिका र बाँकी रकम रु. ९,३५,५६९।४८ अक्षरुपी नौ लाख पैंतिस हजार पाँच सय उनान्सत्तरी पैसा अठ्चालिस मात्र जनसहभागिता जुटाई सो को लागत अनुमान स्वीकृत गरि उपभोक्ता समिति मार्फत कार्य गर्ने गरि योजना संशोधन गर्ने निर्णय गरियो ।

कार्यकारी अधिकृत

Scanned by CamScanner

निर्णय न. ३

यस भरतपुर महानगरपालिका नगरकार्यपालिकाका कार्यालयले निम्न अनुसारको कार्यको लागि निर्धारित मिति भित्र दर्ता भएका दरभाउत्रहरु मध्ये तपसिलको दरभाउपत्र सारभुत रूपमा प्रभावग्राही देखिएको मुल्यांकन समितिको निर्णय सहित प्रतिवेदन पेश भएकोमा सार्वजनीक खरिद ऐन, २०६३ को दफा ४० को (५) बमोजिम स्विकृत गरि खरिद प्रकृयाको बाँकी कार्य अगाडि बढाउने निर्णय गरियो।

| क्र. स. | ठेक्का न. | लागत अनुमान रकम | बोलकबोल रकम | दरभाउपत्रदातको नाम ठेगाना |
|---|---|---|---|---|
| १ | Tender Notice No. 24\073\074Tender Identification No: Bhr\W\SQ\41-073\074 Road Marking | रू ८२५,१३९।२०( अक्षरुपी आठ लाख पच्चिस हजार एक सय उन्नचालीस र पैसा वीस) (मुल्य अभिबृद्धी कर बाहेक)मात्र | रू ८१५,२८०।००( अक्षरुपी आठ लाख पन्ध हजार दुइ सय असी) ( मुल्य अभिबृद्धी कर बाहेक)मात्र | एच.आर. डि. कन्स्ट्रक्सन प्रा.लि. रत्ननगर |
| २ | Tender Notice No. 22\073\074Tender Identification No: Metro\Bhr\W\SQ\37-073\074 Maintenance of Ward Office Building Ward No 4, | रू ८,४५८९०।०३( अक्षरुपी आठ लाख पैतालीस हजार आठ सय नब्बे र पैसा तीन) (मुल्य अभिबृद्धी कर बाहेक)मात्र | रू ८,०७,०३७।१०( अक्षरुपी आठ लाख सात हजार सैतीस र पैसा दश) (मुल्य अभिबृद्धी कर बाहेक)मात्र | द कस्मिक निर्माण सेवा प्रा.लि. भरतपुर |

निर्णय न.४

Tender Notice No. 22\073\074Tender Identification No: Metro\Bhr\W\SQ\36-073\074 First floor ConstructionWard Office Building Ward No 10, कार्यको लागत अनुमान रू १४,७२,५२१।९७अक्षरुपी चौध लाख बहत्तर हजार पांच सय एक्काइस र पैसा सन्तानब्बे) (मुल्य अभिबृद्धी कर बाहेक)मात्र रहेकोमा सो कार्यको लागि दरभाउपत्रको दोश्रो पटक सूचना प्रकाशित गरि पेश हुन आएका दरभाउपत्रको मूल्याकंन समितिको निर्णय सहित प्रतिवेदन पेश भएकोमा हाल उक्त वडा कार्यालयलमा थप निर्माण कार्य गर्न आवश्यक नभएकोले सो सूचना रद्ध गर्ने निर्णय गरियो ।

निणर्य नं. ५

भरतपुर महानगरपालिका कार्यालयबाट आ.व. ०७३/०७४ मा साविक नारायणी न.पा.मा धुव ल्याण्डफिलसाईट निमार्णको लागि प्रकाशित सूचना न. 35/2073-74 अनुसार पर्न आएका शिलवन्दि वोलपत्रहरु मा उल्लेखित आर्थिक प्रस्तावको तुलनात्मक तालिका तयार गर्दा Eligible Qualification पुरा गरेको श्री डि एण्ड वि कन्स्ट्रक्सन भरतपुर चितवनले पेश गरेको सबै भन्दा कम रकम रु ५८,४८,४५८।५८ अक्षरुपी अन्ठाउन्न लाख अड्चालिस हजार चार सय अन्ठाउन्न पैसा अन्ठाउन्न (मुल्य अभिवृदी कर वाहेक) मात्रको सार्वजनिक खरिद ऐन,२०६३ (संसोधन सहित) को दफा २५ बमोजिम सारभूत रुपमा प्रभावग्राही देखिएको भनी मूल्यांकन समितिको निर्णय सहित प्रतिवेदन यस महानगरपालिका बोर्ड समक्ष पेश गरेकोमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(१) बमोजिम स्वीकृत गरि खरिद प्रक्रियाको लागि बाकी कार्य अगाडि बढाउने निर्णय गरियो ।

कार्यकारी अधिकृत

Scanned by CamScanner

आज मिति २०७५ साल असार ७ गते बुधबारका दिन बेलुका ५.०० बजे यस भरतपुर महानगरपालिकाको बोर्ड बैठक प्रमुख तथा कार्यकारी अधिकृत श्री प्रेमराज जोशीज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

प्रमुख तथा कार्यकारी अधिकृत श्री प्रेमराज जोशी

आमन्त्रित

बरिष्ठ ईन्जिनियर श्री भरत कुमार आचार्य

कानून अधिकृत श्री खगेश्वर अधिकारी

ईन्जिनियर श्री कृष्ण बहादुर मल्ल ठकुरी

सूचना अधिकृत श्री मेनका पण्डित

लेखा प्रमुख श्री सीता अधिकारी

ना.सु. श्री तेज राज खनाल

ना.सु. श्री चन्द्रकला शर्मा

ना.सु. श्री मिना अर्याल खनाल

निर्णय नं १

यस भरतपुर महानगरपालिका वडा नं.११ को कामना टोलमा बर्षातको समयमा बाढी आउने र उक्त बाढीको निकाशको लागि हाल भएको संरचनाले काम नगरि डुवान हुने भएकोले उक्त कार्य गर्न अत्यावश्यक भई लागत अनुमान तयार गर्दा जम्म रकम रु. १५,३३०००।- (अक्षरुपी पन्ध्र लाख तेत्तिस हजार) मात्र आएको र उक्त कार्यको लागि चालु आ.व. मा रु.१,००,०००।- (अक्षरुपी एक लाख) मात्र बजेट छुट्याईएको र बाँकी रकम अन्यत्रबाट व्यवस्थापन गर्नु पर्ने भएकोले सोही वडाको सम्भाव्यता अध्ययनका लागि छुट्याईएको रु. ३,००,०००।- (अक्षरुपी तीन लाख) मात्र र कार्यकारी अधिकृतको निवासको लागि छुट्याईएको बजेटबाट रु. ११,३३,०००।-रु. (अक्षरुपी एघार लाख तेत्तिस हजार) मात्र रकमान्तर गरि बजेट व्यवस्था गरि उक्त कल्भर्ट निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं. २

सङ्घीय मामिला तथा स्थानीय बिकास मन्त्रालयबाट नगरक्षेत्र प्रर्वाधार बिकास कार्यक्रमका लागि साविक नारायणी नगरपालिका लाई उपलब्ध गराएको बजेटबाट रु. ९१,०००००।- (अक्षरुपी एकानब्बे लाख) लाखको ग्रेडर खरिद गर्नका लागि PFM(Project Funding Matrix)स्वीकृत गराई ग्रेडर खरिदको लागि सूचना प्रकाशित गरिएकोमा २ वटा फर्महरुले टेण्डर फर्म दर्ता गरेको र मूल्यांकन गर्ने क्रममा दुबै बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राहि नभएको र पुनः सूचना प्रकाशित गरि खरिद गर्न समय अभाव भएको, भरतपुर महानगरपालिका वडा नं. ५ स्मलहेभन चोकबाट उत्तर गणेश अधिकारीको घर चोक सम्मका उपभोक्ताहरुबाट सडक पिच निर्माणको लागि माग भई आएको हुँदा सहित जम्मा रु. ६२,९६,५३६।- (अक्षेरुपी बैसठ्ठी लाख छयानब्बे हजार पाँच सय छत्तिस मात्र) को लागत अनुमान स्वीकृत गर्ने र जनसहभागिता ४०% महानगरपालिका १० % र नगर क्षेत्र पूर्वाधार बिकास कार्यक्रम बजेटबाट ५०% स्वीकृत गरि साविक नारायणी नगरपालिकाबाट पेश भएको PFM शंशोधन गर्न सङ्घीय मामिला तथा स्थानीय बिकास मन्त्रालयमा पठाउने निर्णय गरियो ।

कार्यकारी अधिकृत

Scanned by CamScanner

निर्णय नं. ३

यस भरतपुर महानगरपालिका वडा नं. ३ स्थित तरकारी तथा फलफूल थोक बजार र वडा नं. २ बालकुमारी खुद्रा बजारको आन्तरिक आय संकलन गर्न आ.व.०७४/७५, ०७५/७६ र ०७६/७७ सम्म तिन बर्षको लागि ठेक्कामा लगाउनु पर्ने भएको हुँदा सो सम्बन्धी बोलपत्र तपसिल बमोजिमको दररेट कायम गरि ३० (तीस) दिनको सार्वजनिक सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

तपसिल:

आ.व. ०७४/७५ को कबोलको लागि न्यूनतम अंक:- वडा नं. ३ फलफूल तथा तरकारी थोक बजार तर्फ रु. १२,००,०००।- (अक्षरुपी बाह्र लाख) र बालकुमारी खुद्रा बजार तर्फ रु. १,००,०००।- (अक्षरुपी एक लाख) गरि मासिक रु. १३,००,०००।- (अक्षरुपी तेह्र लाख) मात्र ।

आ.व. ०७५/७६ को कबोलको लागि न्यूनतम अंक:-रु. १४,३०,०००।- (अक्षरुपी चौध लाख तीस हजार मात्र) ।

आ.व. ०७६/७७ को कबोलको लागि न्यूनतम अंक:- १५,७३,०००।-(अक्षरुपी पन्ध्र लाख तिरहत्तर हजार मात्र) ।

निर्णय नं. ४

यस भरतपुर महानगरपालिका क्षेत्रभित्र बिभिन्न व्यबसायिक सामाग्रीको बिज्ञापन तथा प्रचार प्रसारको लागि स्वीकृत गरिएका स्थान तथा निजि, सरकारी, संघ संस्थाहरुको घर, टहरा, जग्गा तथा सडकको दाया बाया रहेका पोलहरु माथी राखिएका होर्डिङ्ग बोर्डलाई निरुत्साहित गर्ने नीति रहेकोमा व्यानर तथा चाडबाड तथा मेला महोत्सवमा गरिने प्रचार प्रसार सामाग्रीहरुको आ.व.०७४/७५,०७५/७६,०७६/७७ तिन बर्षको लागि ठेक्का सम्बन्धी बोलपत्र तपशिल बमोजिमको दररेट कायम गरि ३० (तीस) दिनको सार्वजनिक सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

तपसिल:-

आ.व. ०७४/७५ को कबोलको लागि न्यूनतम अंक:-रु. २७,५०,०००।- (अक्षरुपी सत्ताईस लाख पचास हजार) मात्र ।

आ.व. ०७५/७६ को कबोलको लागि न्यूनतम अंक:-रु. ३०,२५,०००।- (अक्षरुपी तीस लाख पच्चीस हजार मात्र) ।

आ.व. ०७६/७७ को कबोलको लागि न्यूनतम अंक:- ३३,२७,५००।- ( अक्षरुपी तेत्तिस लाख सत्ताईस हजार पाँच सय मात्र) ।

निर्णय नं.५

यस भरतपुर महानगरपालिका वडा नं. १६ मा चालु आ.व. ०७३/७४ को महिला लक्षित पूर्वाधार तर्फ तालिमको लागि रु. ९२,०००।-(अक्षरुपी बयानब्बे हजार) मात्र विनियोजन भएकोमा महिलाहरुको भेला तथा १६ नं. वडा कार्यालयले योजना संशोधन गरि कपडाको फूल बनाउने तालिम सञ्चालन गर्न सिफारिस भई आएकोले उक्त योजना संशोधन गरि कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

यस भरतपुर महानगरपालिका वडा नं. २ स्थित आदर्श चोकबाट २ नं.वडा कार्यालयचोक सम्म सडक मर्मतको लागि आर्थिक बर्ष ०७३-०७४ बाट रु. १९ लाख विनियोजन भएकोमा हाल सो सडक खण्डको केहि भाग सडक डिभिजन कार्यालयबाट निर्माण कार्य भईरहेकोले बाँकी खण्डमा जनसहभागिता नजुट्ने भएको हुँदा २ नं. वडा कार्यालयबाट योजना परिवर्तन गरि मिल्स एरिया टोलको सडक पिच मर्मत तथा १०० मि. सडकमा मोजाईक टायल लगाउने कार्यको लागत अनुमान तयार गर्दा जम्मा रु. १८,९२,९४६।८७ (अक्षरुपी अठार लाख बयानब्बे लाख नौ सय छयालिस पैसा सतासी) मात्र हुन आएकोले उक्त सडक मर्मतको लागि २०% जनसहभागिता र मोजाईक टायल सडक निर्माणको लागि ५०% जनसहभागिता हुने गरि जम्मा रु.५,६४,२०५।- (अक्षरुपी पाँच लाख चौसठी हजार दुई सय

कार्यकारी अधिकृत

Scanned by CamScanner

आज मिति २०७४ साल असार ९ गते शुक्रबारका दिन बिहान ९.०० बजे यस भरतपुर महानगरपालिकाको बोर्ड बैठक प्रमुख तथा कार्यकारी अधिकृत श्री प्रेमराज जोशीज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

प्रमुख तथा कार्यकारी अधिकृत श्री प्रेमराज जोशी

आमन्त्रित

बरिष्ठ ईन्जिनियर श्री भरत कुमार आचार्य
ईन्जीनियर श्री बिराट घिमिरे
कानून अधिकृत श्री खगेश्वर अधिकारी
ईन्जिनियर श्री कृष्ण बहादुर मल्ल ठकुरी
अर्वान प्लानर श्री अस्मिता खनाल
ना.सु श्री सुरज राज पौडेल
ना.सु. श्री तेज राज खनाल
ना.सु. श्री मिना अर्याल खनाल

निर्णय नं. १

सङ्घीय मामिला तथा स्थानीय बिकास मन्त्रालयबाट नगरक्षेत्र प्रर्वाधार बिकास कार्यक्रमका लागि साविक नारायणी नगरपालिका लाई उपलब्ध गराएको बजेटबाट रु. ९१,०००००।- (अक्षरुपी एकानब्बे लाख) लाखको ग्रेडर खरिद गर्नका लागि PFM(Project Funding Matrix)स्वीकृत गराई ग्रेडर खरिदको लागि सूचना प्रकाशित गरिएकोमा २ वटा फर्महरुले टेण्डर फर्म दर्ता गरेको र मूल्यांकन गर्ने क्रममा दुवै बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राहि नभएको र पुन: सूचना प्रकाशित गरि खरिद गर्न समय अभाव भएको, भरतपुर महानगरपालिका वडा नं. ७ बुद्ध चोकबाट दक्षिण वडा नं. ८ गणेश मन्दिर चोक सम्मका उपभोक्ताहरुबाट सडक पिच मर्मतको लागि माग भई आएको हुँदा जम्मा रु.९९,७५,६९७।३२ (अक्षरुपी उनान्सय लाख पचहत्तर हजार छ सय सन्तानब्बे पैसा बत्तीस) मात्र को लागत अनुमान स्वीकृत गर्ने र जनसहभागिता २०% महानगरपालिका ३०% र नगर क्षेत्र पूर्वाधार बिकास कार्यक्रम बजेटबाट ५०% स्वीकृत गरि साविक नारायणी नगरपालिकाबाट पेश भएको PFM शंशोधन गर्न सङ्घीय मामिला तथा स्थानीय बिकास मन्त्रालयमा पठाउने निर्णय गरियो ।

निर्णय नं. २

यस भरतपुर महानगरपालिका साविक भरतपुर उप-महानगरपालिका वडा नं. १ देखि २९ सम्मको समग्र नगरयातायात गुरुयोजना (MTMP) परामर्शदाता बाट पेश भएको Draft Report माथी मिति २०७३/०७/१० मा व्यापक अन्तरक्रिया कार्यक्रम गरि प्राप्त सुझावहरु समावेश गरि मिति २०७३/०८/१६ मा Municipal Road Co-Ordination Committee ले पारित गरेको Final Report तयार गरिएको र उक्त प्रतिवेदन श्री सङ्घीय मामिला तथा स्थानीय बिकास मन्त्रालयमा प्रस्तुतिकरण भई प्राप्त सुझावहरुलाई समेत समावेश गरि पुन: परामर्शदाता NEST/ECoCoDe/ECN जे.भी.ले यस भरतपुर महानगरपालिकामा पेश गरेको Final Report प्राप्त भएकोमा मिति २०७३ पौष २६ गते बसेको तेस्रो नगर परिषद्बाट पारित निर्णय नं. ६८ बाट नगरपालिका बोर्डलाई अधिकार प्रत्यायोजन भए बमोजिम उक्त नगर यातायात गुरुयोजना (MTMP) यस महानगरपालिकाबाट पारित हुने भवन नक्सा पास एवं योजना छनौट तथा कार्यान्वयन र नगरको बृहत्तर विकासका लागि लागू गर्ने र उक्त जानकारी सङ्घीय मामिला तथा स्थानीय बिकास मन्त्रालयमा समेत पठाउने निर्णय गरियो ।

कार्यकारी अधिकृत

Scanned by CamScanner

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
२०७३

निणर्य नं. ३

भरतपुर महानगरपालिका कार्यालय (साविक ~~नारायणी~~ चितवन न.पा.) बाट आ.व. ०७३/०७४ मा सौर्य सडक बत्ती निमार्ण एवं जडानको लागि प्रकाशित सूचना न. 40/2073-74 अनुसार पर्न आएका शिलवन्दि वोलपत्रहरु मा उल्लेखित आर्थिक प्रस्तावको तुलनात्मक तालिका तयार गर्दा Eligible Qualification पुरा गरेको श्री **Topsun Energy,** प्रा.लि. काठमाडौंले पेश गरेको सबै भन्दा कम जम्मा २८ पोलको रकम रु २५,५९,२००। अक्षरुपी पच्चीस लाख उनान्साठी हजार दुई सय (मुल्य अभिवृदी कर वाहेक) मात्रको सार्वजनिक खरिद ऐन,२०६३ (संसोधन सहित) को दफा २५ बमोजिम सारभूत रुपमा प्रभावग्राही देखिएको भनी मूल्यांकन समितिको निर्णय सहित प्रतिवेदन यस महानगरपालिका बोर्ड समक्ष पेश गरेकोमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(१) बमोजिम स्वीकृत गरि खरिद प्रक्रियाको लागि बाकी कार्य अगाडि बढाउने निर्णय गरियो ।

कार्यकारी अधिकृत

Scanned by CamScanner